"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.: ०७९/०८०
च. नं.:

२०७९/१०/२९

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना!

रोजगारीको हकसम्बन्धी ऐन, २०७५, सो को नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७, दोस्रो संसोधन, २०७८ सहित) बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फागुन महिनामा आफूले स्थायी बसोबास गरेको यस नगरपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची-१ (संसोधित) बमोजिम हुनु पर्नेछ। निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट **www.pmep.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः

१. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको।
२. निवेदन दिंदाको मितिसम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको।
३. १८ देखि ५९ वर्ष उमेर समुहको।
४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातः

१. तिलोत्तमा नगरपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको स्पष्ट देखिने प्रतिलिपि तथा नागरिकता नभएका सदस्यहरुको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।(निवेदकको नागरिकतामा स्थायी बसोबास तिलोत्तमा नगरपालिका नभएमा बसाइसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि)
२. पासपोर्ट साइजको फोटो १ प्रति।

*[पुनश्चः बेरोजगार व्यक्तिहरुले अनुसूची-१ बमोजिमको निवेदनमा उल्लेखित विवरणहरु (आफु लगायत परिवारका सम्पूर्ण व्यक्तिहरुको पारिवारिक विवरण, आय आम्दानी, अन्य पेशा व्यवशाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदि) यथार्थपरक र पूर्ण रुपमा अनिवार्य भर्नुपर्नेछ, यथार्थपुरक र पूर्ण रुपमा नभरेको निवेदन रोजगार सेवा केन्द्रले सूचीकृत गर्न बाध्य हुनेछैन, निवेदन दिंदा आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि सक्कल बमोजिम नक्कल सहि छ भनि निवेदक आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ, थप जानकारीका लागि तिलोत्तमा नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ]*

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत